राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

## नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएको सूचना

प्रकाशित मितिः २०७९।०८।१५

यस बैंकको तपसिलको तह, पद र पद संख्यामा पदपूर्ति गर्न मिति २०७८।०७।१४ मा प्रकाशित निम्न बमोजिमको बिज्ञापन नं. को श्री लोक सेवा आयोगद्वारा सञ्चालित लिखित परीक्षाबाट उत्तीर्ण भई मिति २०७९।०८।११ मा सञ्चालित अन्तर्वार्तामा सहभागी उम्मेदवारले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तपसिलका रोल नं. तथा नाम भएका सफल उम्मेदवारलाई निम्न तह र पदमा नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारले नियुक्ति पत्र लिनकालागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका एक / एक प्रति प्रमाणित प्रतिलिपिहरु र आफ्ना परिवारका सदस्यहरु (बाबु, आमा, श्रीमान / श्रीमति विबाहित महिला उम्मेदवारहरुको हकमा सासु, ससुरा) को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित नियुक्ति सिफारिस भएका उम्मेदवारले मिति २०७९।०८।२५ गते आईतबार बिहान ठिक ११:०० बजे यस बैंकको **केन्द्रीय कार्यालय, मानव संशाधन विभागमा** सम्पर्क राख्नु हुन अनुरोध छ । नियुक्ति पत्र मिति २०७९।०८।२६ गते प्रदान गरी सोहि मिति देखि पूर्व सेवाकालिन तालीम सञ्चालन गरिने भएको हुंदा नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारले नियुक्ति पत्र बुझी तालीममा सहभागी हुन सम्वन्धित सबैलाई जानकारी गराइन्छ । साथै नियुक्तिकालागि सिफारिस भएका उम्मेदवार नेपाल सरकार वा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका संघ संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्वीकृत भएको प्रमाण पेश गर्नु पर्नेछ । मिति २०७९।०८।२६ मा नियुक्ति पत्र बुझी पूर्व सेवाकालिन तालिममा सहभागी हुन नसक्ने सफल उम्मेदवारले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र नियुक्ति पत्र लिन सक्नेछन् । सफल उम्मेदवारलाई यस बैंकको निर्णयानुसार तपसिल बमोजिमको कार्यालयमा पदस्थापन गरिएको व्यहोरा समेत जानकारी गराइन्छ । योग्यताक्रम सिफारिस गरिएको सूचना यस बैंकको Website: www.rbb.com.np को Notice को Career notice मा समेत राखिएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

१) बिज्ञापन नं.५४।२०७८।०७९ (के.का. र सो अन्तर्गतका कार्यालय) तहः ६, पदः सहायक प्रवन्धक(कानून),
सेवा : प्रशासन समूह : कानून पद संख्या : ६ (खुला ३, महिला १, आ.ज.१, मधेशी १)

| नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवार | | | | |
|---|---|---|---|---|
| यो.क्र. नं. | रोल नं. | नाम, थर | सिफारिस भएको | |
| | | | समूह | कार्यालय |
| १ | ५४०१३ | श्री श्रृजना बिष्ट | खुला | केन्द्रीय कार्यालय, कानून विभाग |

सदस्य सचिव
पदपुर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड